CORPORATE NEPAL

गृहपृष्ठ / समाचार

# सुदृढ भविष्यतर्फ स्वरोजगार कोष, पौडेलको नेतृत्वमा हुँदैछन् यस्ता काम !

कर्पोरेट नेपाल | बैशाख ११, २०८३, समय: १४:४३

224 Shares 223




ADVERTISEMENT

अ अ अ

काठमाडौं । युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत पर्छ– युवा तथा साना व्यवसायी स्वरोजगार कोष । प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०१३ को नियम २ ले दिएको अधिकार प्रयोग गरी सरकारले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ जारी गरी युवा स्वरोजगार सिर्जना गर्न यो कोष स्थापना गरेको हो ।

यो कोष हाल युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ बमोजिम सञ्चालनमा रहेको छ । उद्यमी बन्न थोरै रकम समेत जुटाउन नसक्ने, धितो नभएको कारण बैंक वित्तीय संस्थाबाट कर्जा नपाउने, व्यापार व्यवसायको शुरुवात गर्न व्यक्तिगतरूपमा चक्रवर्ती व्याज (मिटर ब्याज)मा कर्जा लिन बाध्य युवाहरूलाई विनाधितो सुलभ कर्जा प्रदान गर्नु यो कोषको मुख्य उद्देश्य हो ।

ADVERTISEMENT

व्यवसाय र व्यवसायीको निःशुल्क बीमा, व्यवसायिक तालिम र नियमित रकम तिर्ने उद्यमीलाई ६० प्रतिशत ब्याज रकम अनुदान जस्ता धेरै सेवाहरू एउटै निकायबाट लक्षित युवा वर्गले प्राप्त गर्न सकुन् भन्ने मर्मलाई आत्मसाथ गर्दै यो कोषले काम गरिरहेको छ ।

सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय, गरिब किसान, मजदुर, सुकुम्बासी वा साना व्यवसायी, परम्परागत पेशा र सिप भएका व्यक्ति र समूह लक्षित गरी कोषले सहकारी वा वित्तीय संस्थालाई रकम उपलब्ध गराउँदै आएको छ ।

**रु. १४ अर्ब बढी ऋण लगानी**

विशेषगरी वित्तीय संस्थालाई कर्जा उपलब्ध गरी व्यक्तिलाई सहुलियत ब्याजदरमा स्वरोजगार बन्न रकम दिइरहेको युवा तथा साना व्यवसायी स्वरोजगार कोषले बजारमा ठूलै रकम परिचालन गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकमार्फत बैंक÷वित्तीय संस्थाहरूबाट प्राप्त रु. तीन अर्ब ८६ करोड ऋण रकमलाई ‘रिभल्विङ फण्ड’को रूपमा प्रयोग गरी कोषले रु. १४ अर्बभन्दा बढी ऋण लगानी गरिसकेको छ ।

हालसम्म ४३ वटा बैंक, वित्तीय संस्था र दुई हजार ९०२ सहकारी संस्थाहरूमार्फत थोक कर्जा प्रदान गर्दै आएको कोषको लगानी ७५ जिल्ला (मनाङ र मुस्ताङ बाहेक)का पाँच सय स्थानीय तहमा रहेको बताइएको छ । साथै, कोषको २०८२ चैत्र मसान्तसम्मको प्रगतिलाई हेर्दा १ लाख १० हजार ४३९ जनालाई कर्जा प्रदान गरी स्वरोजगार बनाइसकेको छ भने मौसमी तथा अल्पकालीन रोजगारी सिर्जना÷अप्रत्यक्ष करिव १ लाख बनेका छन् ।

आ.व. २०८२ असार मसान्त सम्मको प्रगती विवरण :

अनुसूची १ (ख)

| क्र.सं | आ.व. | स्वरोजगार संख्या (जना) | लगानी रकम रु. (निकासा) | अभिमुखीकरण तालिम (जना) | सीपमूलक तालिम (जना) | अनुशिक्षण तालिम (जना) | ब्याज अनुदान | | बीमा गरेको संख्या(जना) | कर्जा व्यवस्थापन शुल्क | | बीमा क्षतिपूर्ति प्राप्त रकम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जना | रकम रु | | जना | रकम | जना | रकम रु |
| १ | ०६६/६७ | १२ | १००,०००,००० | - | - | - | - | - | | | | | |
| २ | ०६७/६८ | ५४६ | १७७,०००,००० | - | - | - | | | | | | | |
| ३ | ०६८/६९ | ४,२०६ | ६५७०५०,००० | - | ४,५८९ | - | | | | | | | |
| ४ | ०६९/७० | १०,०२५ | १,४६७,२००,००० | १७०२३ | - | १,२८९ | | | | | | | |
| ५ | ०७०/७१ | १०,६८० | ८४३,७९०,००० | ११,५०० | ३,१५६ | १०२ | | | १५८५८ | | | १२२ | ९५४७४१५ |
| ६ | ०७१/७२ | २८९६ | २९५,४९५,००० | २७६२ | - | १२८ | | | १०२६ | ४२११ | २१०५५०० | ११६ | ५९४४६६२ |
| ७ | ०७२/७३ | २५९७ | ३६६,०६५,००० | २६६२ | - | ३४० | ६४१ | ४,८६६,९८७.७३ | ४४२७ | ७०६७ | ३५३३५०० | १२० | ६६७८४२५ |
| ८ | ०७३/७४ | ७,५९५ | १,०९३,६१५,००० | ७१९८ | ६५८ | ८६५ | १६६७ | १७,१०८,४८०.७७ | ४७८९ | ११४६ | ५७३००० | ११७ | ५९०२३७५ |
| ९ | ०७४/७५ | १७,०३९ | २,३५०,८१०,००० | ० | - | ९५७ | ५,७०३ | ५८,१५५,८३१ | १४५७१ | १५७९ | ७८९५०० | १२० | ७२६३७५९ |
| १० | ०७५/७६ | १२८४० | १,५२१,७००,००० | ८३० | - | ५२० | ४१९२ | ४०,५९०,१४४.९४ | ९१२९ | १३२५ | ६६२५०० | १०८ | ७९२११५० |
| ११ | ०७६/७७ | ५,२०२ | ७२४,८६०,००० | ५८८ | - | ३४८ | ३५९ | ३,९७४,१२६.१३ | ५,६९४ | १५१० | ७५५००० | १७५ | ८८४११४६ |
| १२ | ०७७/७८ | ५,७६६ | ३८७,७५०,००० | ० | - | २२२ | १९ | २४०,५२८.८० | २३१४ | २५९९ | १२९९५०० | १०३ | ६२७६५६७ |
| १३ | ०७८/७९ | १२१३९ | २०३१,६५०,००० | ० | ३७ | ९१५ | १,४८१ | २०,११९,२५४.२० | ७,५४६ | २,९०७ | १,४५३,५०० | १२६ | ८०१११८२ |
| १४ | ०७९/८० | १२,०३६ | १,४३८,४५०,००० | - | - | ८९३ | १००७ | १६,४४१,२१७.०३ | १०,१३० | ३,६०१ | १,८००,५०० | १०६ | ७१३१५०५ |
| १५ | ०८०/८१ | ५,७६० | ७६०,३००,००० | - | - | १७८ | ७६ | ८६३,८७२.८० | ५,५०८ | ११९४ | ५९७००० | ११३ | ७२८३९५२ |
| १६ | ०८१/८२ | - | - | - | - | - | ८५३ | १३,३२१,६७३.०० | ५६३ | ११९५ | ५९७५०० | २५ | १६९१७०० |
| जम्मा | | १०९,३३९ | १४,१३५,८३५,००० | ४२,५६३ | ८,४४० | ६,७२७ | १५,११८ | १७६,४८२,११६.४० | ८१,५५५ | २९,१३४ | १४,५६७,००० | १३२१ | ८२५०२६३८ |

युवा स्वरोजगार कोषको सहभागितामा १५ हजार २६२ लाई सीप विकास एवं अनुशिक्षण तालिम र ८१ हजार ९९२ जनालाई अभिमुखीकरण तालिम प्रदान गरिसकेको छ । कोषलाई अहिलेसम्म नियमित साँवा ब्याज बुझाउने १६ लाख २३२ व्यवसायीहरूलाई १८ करोड १ लाख वितरण गरिएको छ । यस्तै, एक हजार ४११ जनालाई करिब रु. १० करोड बराबरको बीमा दाबी क्षतिपूर्ति सेटलमेन्ट गरिसकिएको कोषले जानकारी दिएको छ ।

**पौडेलको नेतृत्वमा हुँदैछ कोषलाई सुदृढ बनाउने काम**

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यकारी उपाध्यक्षमा अनिलराज पौडेल नियुक्ति भएको करिव ७ महिना भयो । यो अवधिमा यस आबमा रु. दुई अर्ब लगानी गरि १० हजार स्वरोजगार सिर्जना गर्नेगरि काम अगाडि बढाइएको छ र कोषलाई अझ व्यवस्थित र कोषको भविष्यको वित्तीय मार्गचित्र अझ सशक्त बनाउने ‘रोडम्याप’ कोर्न उनी लागिरहेका छन् । पौडेल भन्छन्– ‘कोषले प्रत्यक्ष व्यक्तिलाई कर्जा उपलब्ध नगराएता पनि वित्तीय संस्थाको माध्यमबाट सहुलियत दरमा कर्जा प्रदान गरी धेरैलाई स्वाबलम्बी बनाएको छ ।’

यो सात महिनामा ऋण मागको आवेदन दिएका विभिन्न जिल्लाका ८०२ वटा सहकारी संस्थाहरू मध्ये ५४ जिल्लाका ५०७ संस्थाको स्थलगत अनुगमन सम्पन्न गरिसकेको, पहिलो किस्ता लिएका दोस्रो किस्ता भुक्तानी हुन बाँकी रहेका ७६ वटा सहकारी संस्थाहरूमा रु. २६ करोड ४७ लाख ऋण लगानी र रु. ६५ करोड ७४ लाख साँवा ब्याज असुलउपर गरिएको छ ।

गठित कोष सञ्चालन नियमावली संशोधन उपसमिति र ब्याजदर निर्धारण सिफारिस उप समिति गठन भई ती समितिहरूले तयार पारेको मस्यौदा प्रतिवेदन आगामी बैठकबाट पारित गर्ने योजना छ ।

यस्तै, कोषले गरेको स्वरोजगार कार्यक्रमहरूको गतिविधि सम्बन्धमा जानकारी दिने उद्देश्यले इ– बुलेटिन प्रकाशन शुरु गरेका अनिलराज पौडेलले कोष व्यवस्थापनबाट तयार पारिएका आन्तरिक नियन्त्रण निर्देशिका, आन्तरिक स्रोत परिचालन प्रतिवेदन, कर्मचारी कार्य सम्पादन मूल्यांकन कार्यविधि, पदाधिकारी तथा कर्मचारी आचारसंहिता र अनुगमन निर्देशिका लगायतका मस्यौदाहरू आगामी बोर्ड बैठकबाट पारित गर्ने तयारी भइरहेको बताउँछन् ।



उनले कोषको जिम्मेवारी समालेपछि रु. पाँच करोड ८७ लाख ४१ हजार बेरुजु सम्परीक्षण गरी थप बेरुजु फर्छ्यौट कार्य अगाडि बढाइएको छ । वार्षिक प्रगति पुस्तिका प्रकाशन गरेर भौतिक सम्पत्तिको परीक्षण गरी लिलामीको प्रक्रियामा कोष अगाडि बढेको छ । कोषबाट ऋण लिएका व्यवसायीहरूको बीमा भुक्तानी समयमा हुन नसकेकाले बीमा कम्पनी र कोषको उच्च व्यवस्थापनबीच छलफल भई बीमा कम्पनीबाट व्यवसायीहरूलाई बीमा दाबी रकम भुक्तानी शुरु भइसकेको छ ।

यसैगरी 'राइट म्यान राइट प्लेस'को नीति लिई आन्तरिक व्यवस्थापन चुस्त बनाए कोषको वेभसाइट र सामाजिक सञ्जालमा बनाइएको, कोषबाट प्रवाह हुने सेवा प्रवाह सम्बन्धमा जानकारी दिने खालका 'जिङ्गल'हरु बनाई प्रसारण भइरहेको समेत पौडेलले बताए । कोषलाई पूर्णरुपमा 'डिजिटलाइजेशन'मा लाने उद्देश्यअनुरुप सञ्चालनमा रहेका सफ्टवयरहरुको स्तरोन्नति र नयाँ सफ्टवेयर जडान गर्ने काम भइरहेको छ ।

स्थानीय बेरोजगार युवाहरूको पहिचान गरी स्वरोजगार बनाउने उद्देश्यअनुरूप कोष र स्थानीय तहबीच लगानी साझेदारी कार्यक्रम कोषले अगाडि बढाएको छ । महालेखा परीक्षकको कार्यालयको सुझावअनुसार कोषको वित्तीय कारोबारको विवरणहरू थप व्यवस्थित एवं पारदर्शी बनाउन चार्टड एकाउन्टेन्ट परामर्शदाता नियुक्त गरी काम अगाडि बढाइएको पौडेलले सुनाए ।

**कोष र वित्तीय संस्थामा के फरक ?**

कोषले छोटो अवधिमै लाखौं स्वरोजगार र मौसमी रोजगारी सिर्जना गरेको छ । युवाहरूमा बिनाधितो लगानी, परियोजना एवं व्यवसायीको निःशुल्क बीमा, व्यवसायिक तालिम र असल ऋणीलाई ६० प्रतिशत व्याज अनुदान यसको सुन्दर पक्ष रहेको छ । कोष नाफामुखी नभई सेवामुखी भएकोले बैंकको उद्देश्य भन्दा फरक छ ।

कोषले कति रकमको अंक लगानी गर्यो भन्दा पनि सानो लगानीबाट कति जनालाई स्वरोजगार बनाउन सक्यो ? त्यो प्रश्न महत्वपूर्ण रहेको पौडेलको तर्क छ । सयौं युवाहरू रोजगारीको शिलशिलामा दिनहुँ विदेश पलायन हुने अवस्थालाई रोक्न र स्वदेशमै स्वरोजगार बन्न कोषसँग युवाहरूको बढ्दो सुलभ ऋणको मागले यसको औचित्य र आवश्यकता पुष्टि गरेको देखिन्छ ।

कोषको उद्देश्य नै स्वरोजगार बनाउने र सेवामूलक हो । विनाधितो कर्जा प्रवाह गर्ने कोषले युवा, बेरोजगार, महिला, दलित, जनजाति, विपन्न वर्गलाई प्राथमिकता दिने गर्छ । अधिकतम् रु. पाँच लाखसम्म 'बीउ पुँजी' प्रदान गर्ने कोषले सस्तो व्याजदरमा रकम उपलब्ध गराउँदै आएको छ । तर, बैंक भने नाफामूलक र सञ्चालन खर्च धेरै हुने भएकाले सानो लगानी गर्न अनिच्छुक हुनेगर्छन । यी दुईको विशेषता र काम पनि भिन्न देखिन्छ ।

८) स्वरोजगार कोष र बैंक/वित्तीय संस्था बिचको फरक

| | कोष | बैंक/वित्तीय संस्था |
|---|---|---|
| उद्धेश्य | स्वरोगार बनाउने, सेवा मूलक | नाफा मूलक |
| धितो | विना धितो कर्जा प्रवाह | विना धितो कर्जा प्रवाह गर्न अनिच्छुक |
| प्राथमिकता | युवा, बेरोजगार, महिला, दलित, जनजाती, विपन्न वर्ग | प्राथमिकता क्षेत्र निर्धारण नगर्ने |
| लगानी रकम | अधिकतम रु पांच लाखसम्म सिड मनि प्रदान गर्ने | सन्चालन खर्च धेरै हुने भएकोले सानो रकम लगानी गर्न अनिच्छुक |
| बीमा | व्यवसायी र व्यवसायको निशुल्क बीमा गर्ने | बीमा नहुने |
| ब्याज अनुदान | असल कर्जाग्राहीलाई ६० प्रतिशत ब्याज अनुदान दिइने | ब्याज अनुदानको व्यवस्था नहुने |
| ब्याजदर | सस्तो ब्याजदर | व्यवसायिक ब्याजदर |
| लगानी लक्ष्य | दुर्गम, पिछडीयको क्षेत्र, ग्रामिण क्षेत्र, उत्पादनमूलक र सिमान्तकृत वर्ग केन्द्रित | शहरी क्षेत्र र असूली केन्द्रित |
| तालिम | अनुशिक्षण, सीपमूलक र क्षमता अभिवृद्धि | ऋण असूलीसम्बन्धी अनुशिक्षण तालिम |

**मर्ज गर्दा लगानी व्यवस्थापनमा समस्या**

गत चैत्र १३ को मन्त्रिपरीषद् बैठकबाट पारित शासकीय सुधार कार्यसूची र सरकारको सुशासन मार्गचित्र सुझाव समितिको सिफारिसमा उस्तै प्रकृतिका निकायहरू मर्ज गर्ने निर्णय गरिएको छ ।

हाल कोषको अर्बौंको लगानी रहिरहेको र कर्जा लगानी तथा असुलीसम्बन्धी लामो अनुभव भएका जनशक्तिहरू रहेको र एकद्धार प्रणालीबाट विविध सेवाहरू पुर्याईरहेको विशिष्ट प्रकृतिको एकमात्र सरकारी निकाय रहेकोले अन्यत्र यस कोषलाई मर्ज गर्दा लगानी तथा असुली व्यवस्थापनमा समस्या हुने पौडेलको दृष्टिकोण छ ।

कोषलाई आवश्यक पर्ने ऐन, नियम र कार्यविधिको तर्जुमा एवं समयसापेक्ष संशोधन हुननसक्नु, कोषको उद्देश्य हासिल गर्न पर्याप्त सञ्चालन बजेटको अभाव, कोषको कामलाई प्रभावकारी बनाउन कार्यमैत्री स्थल र प्रदेश स्तरमा कार्यालयहरू स्थापना हुन नसक्नु सबैभन्दा ठूलो चुनौती रहेको पनि पौडेल सुनाउँछन् । यद्यपि आगामी दिनमा कोषलाई अझ व्यवस्थित र मजबुत बनाइ युवा स्वरोजगारमा विशेष भूमिका खेल्ने उनको अठोट छ ।

224
Shares
223

## प्रतिक्रिया दिनुहोस्

## सम्वन्धित समाचार




१ घण्टा अघि

### सिजी मोबाईल्सले सार्वजनिक गर्‍यो मोटो जी०६ र मोटो जी५७



५ घण्टा अघि

### साल्ट ट्रेडिङको गुणस्तरहीन नुन बजारमा, जनस्वास्थ्यमाथि हेलचेक्र्याइँ



५ घण्टा अघि

### विषालु जङ्गली च्याउ खाँदा ३ जना चेपाङ बालबालिकाको ज्यान गयो



५ घण्टा अघि

### प्रतिनिधिसभा र राष्ट्रियसभाको बैठक बस्दै



१ घण्टा अघि

### काँकडभिट्टाबाट ५ सय ७० ग्राम सुन तथा बिदेशी मुद्रासहित भारतीय नागरिक नियन्त्रणमा



४८ मिनेट अघि

### फरवार्ड माइक्रोफाइनान्सको अध्यक्षमा पुनः भगबती चौधरी चयन

ADVERTISEMENT